# पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको प्रभावकारीता

त्रिभुवन विश्वविद्यालय शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह

(एम.एड.) दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिको निम्ति प्रस्तुत

शोधपत्र


**शोधकर्ता**

**दयाराम ढकाल**

**क्याम्पस रोल.नं. ४५**

**त्रि.वि.वि दर्ता नं. : ९६२०-८७**

**परीक्षा रोल नं. : २४००००७**



**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय**

**शिक्षा योजना तथा व्यवस्थापन विभाग**

**सप्तगण्डकी बहुमुखी क्याम्पस**

**भरतपुर, चितवन**


२०६७

पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको प्रभावकारीता शोधकर्ता दयाराम ढकाल २०६७

# पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको प्रभावकारीता

त्रिभुवन विश्वविद्यालय शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिको निम्ति प्रस्तुत

शोधपत्र

**शोधकर्ता**

**दयाराम ढकाल**

**क्याम्पस रोल.नं. ४५**

**त्रि.वि.वि दर्ता नं. : ९६२०-८७**

**परीक्षा रोल नं. : २४००००७**

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय**

**शिक्षा योजना तथा व्यवस्थापन विभाग**

**सप्तगण्डकी बहुमुखी क्याम्पस**

**भरतपुर, चितवन**

**२०६७**

# शिक्षा योजना तथा व्यवस्थापन विभाग

## सिफारिस- पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम्. एड्. दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नका निमित्त शोधकर्ता दयाराम ढकालद्वारा तयार पारिएको **"पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको प्रभावकारिता"** विषयक शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार पारिएको हुनाले आवश्यक मूल्याङ्कनको निमित्त सिफारिस गर्दछु ।

..................................

उप. प्रा. रमाकान्त सापकोटा

(शोध निर्देशक)

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

मिति : २०६७।०४।२०

# शिक्षा योजना तथा व्यवस्थापन विभाग

## स्वीकृति- पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम्. एड्. दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि विद्यार्थी दयाराम ढकालद्वारा तयार पार्नुभएको **"पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको प्रभावकारिता"** विषयमा शोधकार्य पूरा गरी स्वीकृतिका लागि प्रस्तुत गर्नु भएको हुनाले मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

## शोध मूल्याङ्कन समिति

1. उप प्रा. कुवेरनाथ शर्मा शोध विभागीय प्रमुख ..........................

2. उप. प्रा. रमाकान्त सापकोटा शोध निर्देशक ..........................

३ प्रा. आनन्दमान सिंह शाक्य वाह्य परीक्षक ............................

मिति : २०६७०५।२०

# प्राक्कथन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय सप्तगण्डकी बहुमुखी क्याम्पस शिक्षा योजना तथा व्यवस्थापन विभाग अर्न्तगत स्नाकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता पुरा गर्नका लागि तयार गरिएको प्रस्तुत शोधपत्र चितवन जिल्ला र.न.पा. अर्न्तगतका दुईवटा समुदायमा सञ्चालित बालविकास केन्द्रहरू, दुईवटा सामुदायिक विद्यालयमा आधारित शिशुकक्षाहरू र दुईवटा संस्थागत विद्यालयद्वारा सञ्चालित नर्सरी कक्षाहरूमा पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको प्रभावकारीता विषयलाई सान्दर्भिक बनाउने विभिन्न पाठ्यपुस्तकहरू, अध्ययन प्रतिवेदनहरू, पत्रपत्रिका र सन्दर्भसामग्रीहरूको तुलनात्मक रूपमा विश्लेषण गर्ने प्रयत्न गरिएको छ । यस विषय शीर्षकमा शोधकार्य तयार गर्न अनुमति प्रदान गर्ने शिक्षासास्त्र संकाय, शिक्षा योजना तथा अनुसन्धान विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर प्रति आभार व्यक्त गर्न चाहान्छु ।

यो शोधपत्र तयार गर्ने क्रममा आफ्नो अमूल्य सहयोग तथा सुझाव सल्लाह प्रदान गर्नुहुने यस क्याम्पसका सहायक क्याम्पस प्रमूख उप.प्रा. श्री होमनाथ सापकोटा, विभागीय प्रमूख उप.प्रा. श्री कुवेरनाथ शर्मा प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । यस शोधकार्यलाई प्रभावकारी बनाउन तथा पथप्रदर्शन गर्न समय व्यस्तताका वावजुद पनि शोधपत्रको प्रस्तावना लेखन देखि सल्लाह र सुझाव प्रदान गर्नुहुने आदरणीय गुरूहरू उप. प्रा. श्री रमाकान्त सापकोटा, श्री उप.प्रा. देनप्रसाद लामिछाने, सहायक प्रा. श्री जयकृष्ण शर्मा प्रति आभार प्रकट गर्दछु । अध्ययनका सिलसिलामा क्याम्पस पुस्तकालयबाट अध्ययन सामग्री उपलब्ध गराइ सहयोग गर्नुहुने पुस्तकालय प्रमूख श्री जगन्नाथ ढकाल प्रति हार्दिक धन्यवाद दिन चाहान्छु साथै शोधकार्य सम्पन्न गर्दाको समयमा खुल्ला प्रश्नावली भरी समयमैं उपलब्ध गराइदिने शिशु शिक्षिकाहरू आ-आफ्ना अमूल्य सुझाव प्रदान गर्नुहुने प्र.अ.हरू, वि.व्य.स.समितिका अध्यक्षहरू, बालबालिकाका अभिभावकहरू, र अध्ययन कार्य अवधिभर हरपल सहयोग प्रदान गर्नुहुने मित्र श्री खगेश्वर रिजालप्रति आभार प्रकट गर्दछु ।

यस शोध अध्ययनकार्यमा शुरूदेखि अन्त्य सम्म सहयोग गर्ने जीवन साथि निर्मला ढकाल, शोध कार्यका लागि सामग्री संकलनमा उचित सहयोग पुर्‍याउने छोरा सन्देश, छोरीद्वय समिक्षा, सन्ध्या र भतिज सौगात साथै अध्ययनकार्यमा विशेष सहयोग गरी थप प्रेरणा प्रदान गर्ने आत्मिय शिक्षक मित्र शिवराज अधिकारी, चेतनाथ दवाडी र शिवप्रसाद भट्ट समेत धन्यवादका पात्र बनेका छन् । त्यस्तै शोधपत्र टाइप गरी समयमैं उपलब्ध गराई सहयोग पुर्‍याउने सुजु फोटोकपी परिवारप्रति धन्यवाद प्रदान गर्न चाहान्छु ।

शोधकर्ता

दयाराम ढकाल

# शोध सार


पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको प्रभावकारिता शीर्षक राखेर गरिएको यस अध्ययनमा ३ वटा उद्देश्यहरू छन् जसमा समुदायद्वारा सञ्चालन गरिएका बालविकास केन्द्रहरू सामुदायिक विद्यालयमा आधारित शिशु कक्षाहरू र निजी तथा संस्थागत विद्यालयहरूमा सञ्चालित नर्सरी कक्षाहरूमा प्रयोग भइरहेका शैक्षिक सामग्रीहरूको प्रयोगबाट पूर्वबल्यावस्थाका बालबालिकाहरूमा भएको शैक्षिक उपलब्धि स्तरलाई तुलनात्मक रूपमा अध्ययन गरी यसका प्रभाव, समस्या र सुधारात्मक उपायहरू पहिल्याउनु रहेको थियो । पूर्व प्राथमिक शिक्षा नै सफल जीवनको आधार स्तम्भ भएकोले ज्ञान आर्जन गर्ने क्रममा घर परिवार पछिको पहिलो र महत्वपूण अवधि मानिन्छ । यसै उमेरमा उपयुक्त शैक्षिक सामग्रीहरूको सहयोगबाट शिक्षण सिकाइ प्रभावकारी भएकै कारणले होला संसारका धेरै राष्ट्रले शिक्षा क्षेत्रमा ठूलो फड्को मारी आफ्नो मूलुकलाई विकसित राष्ट्रको स्थानमा राख्न सफल भएका छन् । शिक्षण सिकाइ प्रभावकारी एवम् दिगो बनाउन पहल गर्दा गर्दै पनि हाम्रो मुलुकमा अझै न्यून उपलब्धि देखिएको महशुस गरी पूर्वप्राथमिक शिक्षामा शैक्षिक सामग्रीको प्रयोगले सिकाइमा पार्ने प्रभावको बारेमा यो शोधपत्र तयार पारिएको छ ।

अध्ययन कार्यलाई सरल र सहज बनाउन एवं माथि उल्लेखित उद्देश्य पूरा गर्नका लागि उद्देश्यमूलक नमूना छनौट विधिका आधारमा चितवन जिल्ला र.न.पा.का २ वटा समुदायमा आधारित बालविकास केन्द्रहरू, २ वटा सामुदायिक विद्यालयमा सञ्चालित शिशु कक्षाहरू र २ संस्थागत विद्यालयका नर्सरी कक्षाहरूको २/२ वर्षको शैक्षिक उपलब्धि स्तरलाई आधार मानि शिशु शिक्षिका, अभिभावक, वि.व्य.स. अध्यक्ष र प्र.अ. हरूसँग अन्तरवार्ता, प्रश्नावली र प्रत्यक्ष कक्षाअवलोकन गरी शैक्षिक सामग्रीहरूको निर्माण, संकलन, प्रयोग, व्यवस्थापन के कसरी गरिंदैछ र सिकाइमा ती सामग्रीको प्रभावकारितावारे अध्ययन गरिएको थियो । उपलब्धि स्तर विवरण फारम, अनुसन्धान उपकरणहरूको प्रयोग गरी प्राथमिक एवं द्वितीय तथ्याङ्कमा विद्यालय सुधार योजना र विद्यालयको अभिलेखबाट तथ्यांकको संकलन गरिएको थियो ।

यस अध्ययन रूसोको प्रकृतिबादी सिद्धान्त फ्रोबेल र मन्टेस्वरीको किण्डर गार्टन विधिलाई आधार मानि पूर्व प्राथमिक तहका बालबालिकाहरूले शैक्षिक सामग्रीको प्रयोग र मनोरञ्जनात्मक खेल विधिहरूबाट कसरी बढी भन्दा बढी सिकाइ प्राप्त गरी उनीहरूको अन्तरनिहीत प्रतिभाको प्रष्फुटन बालकक्षामा अध्यापन गराउने ममतामही, बालप्रेमी, तालिमप्राप्त, अनुभवी, अनुकरणीय , बालमनोविज्ञान बुझ्ने शिशु शिक्षिकाहरूबाट सम्भव छ भन्ने कुरामा आधारित छ । यससँग विभिन्न साहित्यहरूको अध्ययन

गर्दा आकर्षक र मनोरञ्जनात्मक शैक्षिक सामग्रीहरू खेल नाटकहरूबाट बालबालिकाहरूमा सिर्जनात्मक रूपबाट ज्ञान, सीप र धारणाको विकास हुन गई भविश्यमा उनीहरू कुनै पनि क्षेत्रमा प्रतिस्पर्धा गर्न सफल हुन्छन् भन्ने विश्वास गर्न सकिन्छ । भिन्न किसिमबाट सञ्चालित बाल कक्षाहरूमा शैक्षिक सामग्रीको उपलब्धता र प्रयोगको विभिन्नताका कारण उनीहरूको उपलब्धि स्तरमा अत्यन्तै फरक पाइएकोले पूर्वप्राथमिक तहमा शैक्षिक सामग्रीको आवश्यकता छनौटमा परेका ३ किसिमका बाल कक्षाहरू मध्ये संस्थागत विद्यालयका बालबालिकाहरूको सिकाइ उपलब्धि स्तर उच्च रहनु प्रभावकारी शैक्षिक सामग्रीको प्रयोगको उपज हो र सामुदायिक विद्यालय एवम् समुदायद्वारा सञ्चालित शिशुकक्षाका बालबालिकाहरूको उपलब्धि स्तर न्यून देखिनु सम्बन्धित शिशु शिक्षक र शैक्षिक सामग्रीहरूको कम प्रयोग हुनु हो भन्ने शोधकर्ताको ठम्यायी छ । आधुनिक प्रविधिका शैक्षिक सामग्रीहरूको प्रयोग प्रसस्त रुपमा गर्नु पर्ने सम्बन्धित निकायहरुबाट अनुगमन, मूल्यांकन,शिक्षिकाहरुलाई अभिमूखीकरण तालिम, बालकक्षाको भौतिक एवम् शैक्षिक व्यवस्थापन उच्च राख्नु पर्ने, अभिभावकहरूसँग बालबालिकाको प्रगतिको बारेमा अन्तरक्रियालाई निरन्तरता दिनु पर्ने हुन्छ ।

# विषय सूची


| | |
|---|---|
| **सिफारिस-पत्र** | **I** |
| **स्वीकृति-पत्र** | **II** |
| **कृतज्ञता** | **III** |
| **शोधसार** | **IV** |
| **विषय सूची** | **VI** |
| **तालिका सूची/चित्र सूची** | **IX** |
| **संक्षिप्त शब्दावली सूची** | **X** |

**परिच्छेद एक :**

**परिचय**

| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | 1 |
| १.२. समस्याको कथन | 7 |
| १.३ अध्ययनको औचित्य | 8 |
| १.४ अध्ययनको उद्देश्य | 9 |
| १.५ अनुसन्धानात्मक प्रश्न | 9 |
| १.६ अध्ययनका परिसिमाहरू | 9 |

**परिच्छेद दुईः**

**सम्बन्धित साहित्यको सिंहावलोकन तथा सैद्धान्तिक खाका**

| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको सिंहावलोकन | 11 |
| २.१ अध्ययनको सैद्धान्तिक खाका | 20 |
| २.३ शैक्षिक उपादेयता | 23 |

**परिच्छेद तीन :**

**अध्ययन विधि**


३.१ अनुसन्धान ढाँचा 25

३.२ अध्ययनको जनसंख्या र नमूना छनौट 25

३.३ अनुसन्धानका विधि र साधनहरु 26

३.४ तथ्याङ्कका स्रोतहरु 26

३.५ तथ्याङ्क संकलन प्रक्रिया 27

३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण 27


**परिच्छेद चार :**

**तथ्यांकको व्याख्या र विश्लेषण**


४.१ पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको प्रभाव 28

४.१.१ बालबालिकाको रुचिमा प्रभाव 30

४.१.२ सिकाई उपलब्धिमा प्रभाव 30

४.१.३ शिक्षण विधिमा प्रभाव 35

४.१.४ पाठ्यक्रमको सान्दर्भिकतामा पार्ने प्रभाव 36

४.१.५ विद्यार्थीको सिर्जनशीलतामा पार्ने प्रभाव 37

४.२ शैक्षिक सामग्री निर्माण र प्रयोगका समस्या 38

४.२.१ शैक्षिक सामग्री निर्माणमा समस्या 39

४.२.२ शैक्षिक सामग्री प्रयोगमा समस्या 40

४.२.३ शैक्षिक सामग्री व्यवस्थापनमा देखिने समस्या 40

४.३ शैक्षिक सामग्रीको प्रयोग बढाउने उपायहरू 41

४.३.१ आवश्यक स्रोत र सामग्रीहरूको व्यवस्था 42

४.३.२ तालिम प्राप्त र योग्य शिक्षिकाको व्यवस्था 42

४.३.४ बालविकास केन्द्र एवम् विद्यालयको भौतिक पूर्वाधार विकासको व्यवस्था 43

४.३.५ दण्ड र पुरस्कारको व्यवस्था 43

४.३.६ शैक्षिक उपलब्धि वृद्धि उपायको खोजि 43

## परिच्छेद पाँच :

## प्राप्ति, निस्कर्ष र सुझाव

छाज्ञ प्राप्ति 45

५.२ निष्कर्ष 46

५.३ सुझावहरू 49

**सन्दर्भ सूची**

**अनुसुचीहरू**

# तालिका सूची र चित्र सूची

**तालिकासूचि**

तालिका १ समुदायमा सञ्चालित बालविकास केन्द्रहरूका विद्यार्थी र उपलब्धि स्तर विवरण ३२

तालिका २ सामुदायिक विद्यालयमा सञ्चालित शिशु कक्षाहरूका विद्यार्थी र उपलब्धि स्तर विवरण ३३

तालिका ३ संस्थागत विद्यालयमा सञ्चालित नर्सरी कक्षाहरूका विद्यार्थी र शैक्षिक उपलब्धि विवरण ३४

**चित्रसूची**

चित्र नं. १ अध्ययनको सैद्धान्तिक खाका २१

चित्र नं. २ पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको प्रभाव २९

# संक्षिप्त शब्द सूची

| | | |
|---|---|---|
| वि.सं. | : | विक्रम सम्वत |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| जि.शि.का. | : | जिल्ला शिक्षा कार्यालय |
| जि.वि.स. | : | जिल्ला विकास समिति |
| प्र.अ. | : | प्रधानाध्यापक |
| उप.प्रा | : | उप प्रध्यापक |
| स.प्रा. | : | सहायक प्राध्यापक |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| शै.स. | : | शैक्षिक सत्र |
| SIP | : | School Improvement Plan |